**स्थानीय राजपत्र**

चन्द्रपुर नगरपालिकाद्धारा प्रकाशित

भाग : १० संख्या: २ मिति: २०८३/०४/१२

भाग -२

## चन्द्रपुर नगरपालिकाको ई-रिक्सा दर्ता, नवीकरण तथा व्यवस्थापन कार्यविधि, २०८३ ।

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम चन्द्रपुर नगरपालिकाको नगर कार्यपालिकावाट स्विकृत गरेको कार्यविधि सर्वसाधरणको लागि स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकासन गरीएको छ ।

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०३/०९
प्रमाणीकरण मितिः २०८३/०३/१५
**राजपत्रमा प्रकाशित मिति** २०८३/०४/१२

**प्रस्तावना**ः चन्द्रपुर नगरपालिका क्षेत्रमा सञ्चालन हुँदै आएका ई-रिक्सालाई व्यवस्थित गर्न आवश्यक रहेकाले साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०८३/०३/०९ गतेको कार्यपालिका बैठकबाट स्वीकृत भई ई-रिक्सा दर्ता, नवीकरण तथा व्यवस्थापन कार्यविधि २०८३ बनाई लागू गरेको छ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम " ई-रिक्सा दर्ता, नवीकरण तथा व्यवस्थापन कार्यविधि" २०८३ रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेपछि लागु हुनेछ । यो कार्यविधि नगरपालिका क्षेत्रमा मात्र लागू हुनेछ ।

**२. परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "स्थानीय तह"** भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिम गठित नगरपालिका सम्झनु पर्दछ ।

**(ख) "नगरपालिका"** भन्नाले चन्द्रपुर नगरपालिका सम्झनुपर्दछ ।

(ग) "कार्यविधि" भन्नाले चन्द्रपुर नगरपालिका क्षेत्रभित्र ई-रिक्सा दर्ता नवीकरण तथा व्यवस्थापन कार्यविधि,२०८३ सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले चन्द्रपुर नगर कार्यपालिका सम्झनुपर्दछ ।

(ङ) "नगर प्रमुख" भन्नाले चन्द्रपुर नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(च) "नगर उपप्रमुख भन्नाले चन्द्रपुर नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले चन्द्रपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ज) ई-रिक्सा" भन्नाले पेट्रोलियम पदार्थ विना विद्युतीय वा सौर्य उर्जाबाट चार्ज हुने निश्चित क्षमताको मोटर जडित व्याट्रीबाट सञ्चालन हुने ई-रिक्सा साधन सम्झनु पर्दछ ।

## परिच्छेद -२

## व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**३. ई-रिक्सा व्यवस्थापन समितिको गठनः** (१) नगरपालिकाभित्र ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्दै सर्वसुलभ र दर्घटना रहित ढंगबाट सेवा सुचारु एवं व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्न नगरपालिकामा देहायअनुसारको ई-रिक्सा व्यवस्थापन समिति रहनेछ-

| | |
|---|---|
| (क) नगरपालिकाका प्रमुख | - अध्यक्ष |
| (ख) नगरपालिकाका उपप्रमुख | - सदस्य |
| (ग) कार्यपालिका सदस्य १ जना महिला सहित जम्मा २ जना | - सदस्य |
| (घ) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) ई-रिक्सा व्यवसायी मध्ये नगरपालिकाबाट मनोनित व्यवसायी | - सदस्य |
| (च) राजश्व शाखा प्रमुख | - सदस्य |
| (छ) इ-रिक्सा तथा यातायात व्यवस्थापन शाखा प्रमुख | - सदस्य सचिव |

दफा ३ (१) बमोजिम गठित समितिको बैठक आवश्यकतानुसार बस्नेछ। अध्यक्षको आदेशानुसार सदस्य सचिवले बैठक बोलाउनेछन् । बैठकमा निर्णय बहुमतको आधारमा हुनेछ । आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रीत गर्न सक्नेछ ।

**४. ई-रिक्सा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) नगरपालिकाभित्र ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।

(२) ई-रिक्साको पार्किङ स्थल तोक्ने ।

(३) ई-रिक्साको भाडादर निर्धारण गर्ने ।

(४) प्रत्येक २/२ वर्षमा वा समसामयीक भाडा दरमा पुनरावलोकन गर्ने ।

(५) आवश्यकतानुसार ई-रिक्साको संख्या निर्धारण गर्न नगरकार्यपालिकालाई सिफारिस गर्ने ।

(६) ई-रिक्साको व्यवस्थापन र यात्रुहरुवीच भएको विवादको समाधान गर्न आवश्यक सहजिकरण गर्ने ।

(७) ई-रिक्सा साधन सञ्चालन गर्ने योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई सञ्चालनका लागि योग्य नदेखिएका ई-रिक्सा साधनको दर्ता र रूट खारेजीको सिफारिस गर्ने ।

## परिच्छेद ३
## दर्ता, नवीकरण, खारेजी र रुट निर्धारण सम्बन्धी व्यवस्था

**५. दर्ता, नवीकरण र खारेजी:** (१) प्रत्येक ई-रिक्साले ई-रिक्सा कार्यविधि/दफा बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवम् नवीकरण भै नगरपालिकामा बार्षिक रुपमा नगरपालिकाले तोकेको बार्षिक ई-रिक्सा कर तोकिएको म्यादभित्र बुझाई अनुसूची १ बमोजिमको निवेदन दिई दर्ता हुनु पर्नेछ। ई-रिक्सा दर्ता गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछ।

(क) तोकिएको ढाँचामा निवेदन।

(ख) सक्कल भन्सार पत्र वा भन्सार महशुल तिरेको रसिद।

(ग) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र।

(घ) आयकर दर्ताको कागजात/ करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, प्यान /भ्याट दर्ताको प्रतिलिपि

(ङ) ई-रिक्साको मोटर तथा ईन्जिन/ च्यासिसको फोटो।

(च) बीमाको कागजात।

(छ) ई-रिक्सा कर आयकर तिरेको रसिद।

(ज) वित्तिय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र आयकर, करचुक्ता र व्यक्ति भए नागरिकताको प्रमाणपत्र।

(१) ई-रिक्सा धनी स्वयं उपस्थित हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ गरी यस कार्यविधिमा उल्लिखित व्यवस्थाहरुको अधीनमा रही कार्यालयमा राखिएको अनुसूची ३ बमोजिमको ई रिक्सा दर्ता किताबमा ई-रिक्सा दर्ता गरी दरखास्तवालालाई अनुसूची २ बमोजिमको दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(३) नगरपालिकामा दर्ता भै सञ्चालनमा आएका ई-रिक्साले बार्षिक रुपमा नगरपालिकामा तोकिएको ई -रिक्सा कर बुझाई नवीकरण गर्नुपर्नेछ। नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नु पर्नेछ।

(क) अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन।

(ख) दर्ता गर्दा वा अघिल्लो आ.व. मा नवीकरण गर्दा बुझाएको ई-रिक्सा करको रसिद।

(ग) ई-रिक्सालाई कार्यालयमा ल्याई तोकिएको प्राविधिक कर्मचारीबाट चेकजाँच गराउनुपर्ने।

(घ) बीमाको कागजात।

(ङ) ई-रिक्सा धनी स्वयम उपस्थित हुनुपर्ने। उपस्थित हुन नसक्ने भएमा निजको मञ्जुरिनामा पत्र ।

(४) ई-रिक्सा चेकजाँच गर्दा ई-रिक्सा सञ्चालन गर्न उचित नदेखिएको ई-रिक्साको ई-रिक्सा दर्ता खारेजी गरिनेछ। यसरी खारेजीमा परेका ई-रिक्साहरु पुनः दर्ता हुन आएमा दफा ५ को उपदफा १ को प्रक्रिया पुर्याई दर्ता हुनुपर्नेछ।

(५) बार्षिक नवीकरण हुनुपर्ने समयभित्र नवीकरण नभई म्याद नाघेको ई-रिक्साको ३५ (पैतिस) दिनभित्र तोकिएको राजश्व तिरी, ६ (छ) महिना भित्र तोकिएको रमकमा २५ प्रतिशत थप र सो भन्दा पछी तोकिएको रकममा ३० प्रतिशत हर्जना लिइ नवीकरण गरिने।

(६) कुनै कारणवस ई-रिक्साको दर्ताको प्रमाणपत्र खारेज गराउन चाहेमा त्यस्तो ई-रिक्सा यस चन्द्रपुर नगरपालिका, नगर कार्यपालिका कार्यालयमा अनुसूची ५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(७) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो ई-रिक्साको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ताको प्रमाणपत्र खारेज गर्न उपयुक्त देखेमा यस कार्यविधिको अधीनमा रही दर्ताको प्रमाणपत्र खारेज गरी सो को व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो ई- रिक्साको लगत कट्टा गर्नुपर्नेछ।

(८) कार्यविधि लागु भए पश्चात एक पटकका लागि ई-रिक्सा दर्ता, नवीकरण तथा खारेजीका लागि २१ दिने सूचना प्रकाशन गरी ई-रिक्सा, दर्ता, नवीकरण, रुट ईजाजत प्रदान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**६. ई-रिक्साको सरुवा दर्ताः**

(१) एउटा स्थानीय तह वा कार्यालयमा दर्ता भएको ई-रिक्सा अर्को क्षेत्रमा चलाउनु परेमा ई-रिक्साको धनीले साविकमा दर्ता भइरहेको स्थानीय तह कार्यालयबाट सरुवा दर्ताको सहमति पत्र प्राप्त गरी त्यस्तो सहमति प्राप्त गरेको मितिले पैंतीस दिनभित्र हाल दर्ता गराउन चाहेको कार्यालयमा प्रचलित कानूनमा तोकिएको दस्तुर अनसुची- ७ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले कार्यविधिको अनुसूची-१२ बमोजिम प्राविधिक जाँच गराई निर्धारित मापदण्डको अधीनमा रही आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम ई-रिक्साको सरुवा दर्ता गर्न उपयुक्त देखेमा यस कार्यविधिमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही सरुवा दर्ता गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम ई-रिक्साको सरुवा दर्ता गरेकोमा कार्यालयले त्यसको जानकारी साविकमा ई-रिक्सा दर्ता भइरहेको स्थानीय तह कार्यालयलाई दिनुपर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले पनि साविक दर्ताको लगत कट्टा गर्नुपर्नेछ।

**७. रुट निर्धारणः** (१) नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानका लागि तोकिए बमोजिमको सेक्टरमा पार्किङ हुनेगरी उल्लेखित संख्यामा ई-रिक्साले सेवा दिने गरी तोकिए बमोजिमको शुल्क लिई नगरपालिकाले अनुसूची ७ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा १ बमोजिमको निवेदन उपर आवश्यक कार्वाही गरी अनुसूची ८ बमोजिमको रुट निर्धारण परमिट जारी गर्नुपर्नेछ। ई-रिक्साले अनिवार्य रुपमा रुट निर्धारण पत्र रुट परमिट बोक्नु पर्नेछ।

(३) यस्तो रुट निर्धारण आवश्यकतानुसार ६ महिना देखि १ बर्षको लागि हुनसक्नेछ।

(४) ई-रिक्साले तोकिएको क्षेत्रबाहेक अन्य क्षेत्रमा रुटपरमिट नलिई सन्चालन गर्न पाईने छैन।

(५) रुट परिवर्तन गर्न चाहेमा ई-रिक्साले पुनः नगरपालिकामा निवेदन दिनुपर्नेछ। नगरपालिकाले दफा ६ को प्रक्रिया पुरा गरी रुट परिवर्तन गरिदिन सक्नेछ।

(७) रुट परमिटको दस्तुर तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ४

## ई-रिक्साको नामसारी सम्वन्धी व्यवस्था

**८. ई-रिक्साको नामसारीः** (१) कुनै व्यक्तिको नाममा दर्ता भएको ई-रिक्सा अन्य कुनै व्यक्तिको नाममा नामसारी गराउन चाहेमा सम्बन्धित ई-रिक्सा धनीले चन्द्रपुर नगरकार्यपालिकाको कार्यालमा प्रचलित कानुन बमोजिमको दस्तुर सहित अनुसूची- ८ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम ई-रिक्साको नामसारी गर्न उपयुक्त देखेमा यस कार्यविधि उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही ई-रिक्साको नामसारी गरी गरिनेछ।

**९. ई-रिक्सा धनीको मृत्यु भएको ई-रिक्साको नामसारीः** (१) दर्ता भएको कुनै ई-रिक्साको धनीको मृत्यु भई त्यस्तो ई-रिक्सा धनीको प्रचलित कानून बमोजिमको हकवालाले सोई-रिक्सा आफ्नो नाममा नामसारी गर्न चाहेमा प्रचलित कानून बमोजिमको दस्तुर सहित नगर कार्यपालिकाको कार्यालयमा अनुसूची - ९ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम ई-रिक्साको नामसारी गर्न उपयुक्त देखेमा यस कार्यविधिको अधीनमा रही नामसारी गरी दिनेछ।

**१०. ई-रिक्सा नामसारी नगरिनेः** दफा ९ र १० मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिको नाममा दर्ता रहेको ई-रिक्सा दुर्घटना वा अन्य कुनै कारणबाट क्षतीग्रस्त भई ई-रिक्साको विद्युतीय उपकरण तथा चेसिस भई काम नलाग्ने अवस्थाको रहेछ भने त्यस्तो ई-रिक्सा अन्य कुनै व्यक्तिको नाममा नामसारी गरिने छैन।

## परिच्छेद ५
## जाँचपास सम्बन्धी व्यवस्था

**११. जाँचपास गर्नुपर्नेः** (१) प्रत्येक ई-रिक्साले १/१ वर्षमा अनिवार्य रुपमा नगरपालिकाको कार्यालयमा ई-रिक्सा ल्याई सम्वन्धित प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ। ई-रिक्सा जाँचपास दस्तुर रु. २००। (दुई सय) बुझाई अनुसूची ११ को ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) जाँचपास गर्ने अवधी सकिएको ७ दिनभित्र आफ्नो ई-रिक्साको अनिवार्य जाँचपास गराउनुपर्नेछ। सो (अवधी नाघी आएमा थप ३५ दिन सम्मको लागि ५० प्रतिशत दस्तुर लाग्नेछ। सो अवधी समेत नाधी आएमा दोब्बर जरिवाना गर्न गरिनेछ।

(३) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले सम्बन्धित प्राविधिक मार्फत अनुसूची १२ बमोजिमको ढाँचाको जाँचपास विवरण फाराम बमोजिम सम्बन्धित ई-रिक्साको आवश्यक आँचबुझ गर्न लगाई जाँचपास विवरण फाराम बमोजिमको व्यहोरा ठीक देखिन आएमा यस कार्यविधिमा उल्लिखित अन्य व्यवस्थाहरुको अधीनमा रही अनुसूची-१३ बमोजिमको ढाँचामा जाँचपास प्रमाणपत्र दिनु पर्नेछ। सो को छुट्टै लगत राख्ने व्यवस्था कार्यालयले गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको जाँचपास प्रमाणपत्रको म्याद बहाल रहेकै अवस्थामा कुनै ई-रिक्सा अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षण वा सम्बन्धित ट्राफिक प्रहरीले जाँच गर्दा ठीक अवस्थामा रहेको नदेखिएमा उक्त ई-रिसराको आवश्यक मर्मत संभारको लागि पन्ध्र दिनको म्याद दिन सक्नेछ र सो म्यादभित्र ई-रिक्साको मर्मत संभार गर्न नभ्याएमा थप पन्ध्र दिनको म्याद दिन सक्नेछ र सो म्यादभित्र मर्मत संभार गराउनु सम्बन्धित ई-रिक्सा धनी र व्यवस्थापकको कर्तव्य हुनेछ।

(५) यस कार्यविधिको दफा ६ को उपदफा १ बमोजिम सरुवा दर्ता हुनका लागि निवदेन पेश भएमा सम्बन्धित प्राविधिकबाट अनुसूची-१२ को ढाँचामा जाँचपास गराई सरुवा दर्ता गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम दिइएको म्यादभित्र आवश्यक मर्मत संभार नगरी त्यस्तो ई-रिक्सा चलाउन हुँदैन ।

## परिच्छेद - ६

## बीमा सम्बन्धी व्यवस्था

**१२. बीमा गर्नुपर्नेः** (१) ई-रिक्सा धनी वा व्यवस्थापकलाई बीमा बापतको रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि बीमित रकम नपाइने हुनाले अनिवार्य रुपमा सम्वन्धित बीमा कम्पनीसँग सो रकम बराबरको बीमा पोलिसि वा प्रमाणपत्र लिनुपर्ने अन्यथा दुर्घटना वापतको क्षतिपुर्ती नपाईने व्यहोराको जानकारी दिनु पर्नेछ । कार्यालयमा बीमा पोलिसि कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने ई-रिक्सा सम्वन्धी कुनैपनि सेवाहरु प्रदान गरिने छैन ।

(२) प्रत्येक ई-रिक्साले कार्यविधि र दफाले तोके बमोजिमको दुर्घटना बीमा मजदुर बीमा, तेस्रो पक्ष बीमा आदिको बीमा गरेको हुनुपर्छ ।

(३) रुट ईजाजत जारी या नवीकरण गर्दा उक्त ई-रिक्साको सम्वन्धित अभिलेखमा बीमाको नाम र वहाल अवधी जनाउनु पर्नेछ ।

## परिच्छेद ७

## दण्ड जरिवाना सम्बन्धी व्यवस्था

**१३. दण्ड जरिवाना लाग्नेः** (१) ई-रिक्सा दर्ता नगरी वा अनुमति नलिई चलाएमा वा स्वीकृति नलिई रंग सिट, स्वरुप, इन्जिन, च्यासिस हेरफेर गरेमा वा आवागमनमा बाधा पुर्याएमा रु. ५००। (पाँच सय) देखि १५००। (पन्द्र सय) सम्म जरिवाना हुनेछ ।

(२) तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्नेछ। सो रकम तत्काल बुझाउन नसक्नेलाई ट्राफिक प्रहरीले २४ घण्टा भित्र सम्वन्धित नगरपालिकामा पठाउनु पर्नेछ र नगरपालिकाले कसुर खुलाई ट्राफिक प्रहरीको पुर्जीको आधारमा पहिलो पटक रु. ५००। (पाँच सय) दोस्रो पटक रु. १०००। (एक हजार), तेस्रो पटक रु. १५००। (एक हजार पाँच सय) र त्यसपछि पटके पिच्छे दोब्बर जरिबाना गरी सचेत गराउन सक्नेछ ।

(क) ट्राफिक संकेत वा दफा उलङ्घन गरी ई-रिक्सा चलाएको ।

(ख) निषेध गरिएको ठाँउ वा समयमा पार्किङ गरेको ।

(ग) ई-रिक्सा मोड्न वा ध्वनी संकेत निषेध गरिएको ठाँउमा मोडेमा वा ध्वनी संकेत दिएमा ।

(घ) गलत साईडबाट ई-रिक्सा चलाएमा वा एकतर्फी सडकमा सो बिपरित ई-रिक्सा चलाएमा ।

(ङ) अवस्था ठिक नभएको ई-रिक्सा चलाएमा वा निर्धारित गति भन्दा बढी गतिमा ई-रिक्सा चलाएमा ।

(च) राती बत्ति नबाली ई-रिक्सा चलाएमा ।

(छ) मादक पदार्थ सेवन गरी ई-रिक्सा चलाएमा ।

(ज) नम्बर प्लेट नराखी ई-रिक्सा चलाएमा ।

(झ) निर्धारित सिट भन्दा बढी यात्रु राखी चलाएमा वा निर्धारित भाडा भन्दा बढी भाडा लिई ई-रिक्सा चलाएमा

(ञ) ई-रिक्सा चालक अनुमतिपत्र वा रुट ईजाजतपत्र साथमा नराखी ई-रिक्सा चलाएमा ।

**१४.भाडादरः** नगरपालिका भित्र सञ्चालन हुने ई-रिक्साले निम्न बमोजिमको अधिकतम भाडादर लिई सेवा दिनुपर्नेछ। तोकिएको भाडादर भन्दा बढी असुल गरेको पाईएमा दफा (११) को उपदफा (२) बमोजिमको दण्ड सजाय तथा जरिवाना गर्न सकिनेछ।

(१) कालोपत्रे गरिएको सडकमा ई-रिक्सामा यात्रा गरे वापत प्रत्येक यात्रीको न्यूनतम रु. २०। (बीस रुपैयाँ) र त्यसपछि प्रतिकिलोमिटर थप रु. ६ (छ) का दरले भाडादर कायम हुनेछ।

(२) सेक्टर अनुसारको भाडादर दफा ३ को उपदफा (१) बमोजिम गठित समितिले तोकेबमोजिम कायम हुनेछ।

(३) भाडादर परिवर्तन गर्नु पर्ने अवस्था आएमा दफा ३ को उपदफा (१) बमोजिम गठित समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ।

## परिच्छेद ८
## राहत कोष सम्बन्धी व्यवस्था

**१५. राहत कोष स्थापना गर्नुपर्नेः** (१) यस कार्यविधि बमोजिम दर्ता भई रुट ईजाजत प्राप्त ई-रिक्सा धनी र ई-रिक्सा चालक दुर्घटना वा अन्य कारणले गम्भीर बिरामी भएमा, अपाङ्गता भएमा र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएमा त्यस्ता ई-रिक्सा धनी वा चालकलाई राहत सहयोग प्रदान गर्न चन्द्रपुर नगरपालिकाले एउटा **श्रमिक कल्याण राहत कोष स्थापना** गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ।

(क) चन्द्रपुर नगरपालिकामा ई-रिक्सा शीर्षक अन्तर्गत प्राप्त कुल राजश्व रकम मध्ये १० (दश) प्रतिशत नघटाई प्रत्येक आर्थिक कोषमा जम्मा गरिनेछ।

(३) कोषको खाता सञ्चालन चन्द्रपुर नगरपालिकाले छुट्टै खाता खोली गर्नेछ।

(४) कोषको सञ्चालन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः

| | | |
|---|---|---|
| क. | नगर प्रमुख | - संयोजक |
| ख. | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग. | नगर प्रमुखले तोकेको महिला कार्यपालिका सदस्य १ जना | - सदस्य |
| घ. | नगरकार्यपालिकाले तोकेको ई-रिक्सा सगठनको प्रतिनिधि १ जना | - सदस्य |
| ङ. | आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

(५) कोषको रकम समितिको निर्णय बमोजिम खर्च गरिनेछ।

(६) राहत रकम रु.५०००। (पाँच हजार) भन्दा बढी उपलब्ध गराईने छैन।

(७) राहत रकम रु. ५०००। (पाँच हजार) भन्दा बढी उपलब्ध गराउनु पर्ने अवस्था भएमा समितिले बढी रकम उपलब्ध गराउनु पर्ने पर्याप्त कारण र आधार प्रमाण सहित नगर कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ। त्यसरी प्राप्त सिफारिस उचित ठहर भएमा नगर कार्यपालिकाले उक्त कोषको अवस्था हेरी रकम उपलब्ध गराउन सकिनेछ। थप एकै वर्षमा एकै व्यक्तिलाई दोहोर्याएर राहत उपलब्ध गराईने छैन।

## परिच्छेद -९
## ई-रिक्सा धनी तथा चालकले पालना गर्नुपर्ने नियम सम्बन्धी व्यवस्था

**१६. ई-रिक्सा चालकले पालना गर्नुपर्नेः** प्रत्येक ई-रिक्सा चालकले निम्नानुसारका दफाहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(क) ई-रिक्सा चालक अनुमतिपत्र, ई-रिक्सा दर्ता किताब, रुट ईजाजत पत्र साथमा लिएर मात्र ई-रिक्सा चलाउनु पर्ने ।

(ख) बीमा गरेको कागजात, नवीकरण गरेको प्रमाणपत्र साथमा राखेरमात्र ई-रिक्सा चलाउने ।

(ग) यान्त्रिक अवस्था ठिक भए नभएको चेकजाँच गर्ने तोकिएको भार, क्षमता र गतिमामात्र ई-रिक्सा चलाउनुपर्ने ।

(घ) मादक पदार्थ तथा लागुऔषध सेवन गरेर ई-रिक्सा चलाउन पाईने छैन, त्यसैगरी कानुनले प्रतिवन्ध गरेका मालसमान ओसार-पसार गर्न पाईने छैन ।

(ङ) ई-रिक्सा चलाउँदा मोवाईल फोनको प्रयोग नगर्ने र ठूलो आवाजमा गीत संगित बजाएर ई-रिक्सा नचलाउने

(च) लेन अनुशासन पालना गर्ने, आफूभन्दा अगाडिको ई-रिक्सासँग Breaking Distance कायम गर्नुपर्ने ।

(छ) अगाडिको भागमा चालकको दायाँबायाँ यात्रु तथा मालसमान राख्न नपाईने । त्यसैगरी ई-रिक्साको बाहिरी भागमा मालसमान तथा यात्रु राख्न र झुन्ड्याउन नपाईने ।

(ज) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिदै यात्रुमैत्री व्यवहार गर्नुपर्ने साथै असक्त, अपाङगता, जेष्ठ नागरीक तथा बालबालिकालाई विशेष ध्यानपुर्याउनु पर्ने ।

(झ) सडकमा जथाभावी ई-रिक्सा रोक्ने पार्किङ गर्ने जस्ता कार्य गर्न पाईने छैन । ई-रिक्सा पुर्णरुपमा रोकिएपछि मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्छ ।

(ञ) रातीको समयमा लाईटको सहि सदुपयोग गर्नुपर्नेछ ।

(ट) ई-रिक्सा दुर्घटना, ई-रिक्सा आवागमन अबरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र नगरपालिका कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

**१७. यात्रु सुरक्षाः** यात्रु सुरक्षाका लागि प्रत्येक ई-रिक्सामा निम्नानुसारको नियमहरु पालना गर्नु/गराउनु पर्नेछ ।

(क) ई-रिक्साहरुको दाहिने तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न नमिल्ने बनाउनुपर्ने ।

(ख) स्थान अनुसारको भाडादर उल्लेख गरी ई-रिक्सामा देखिनेगरी टाँस्नुपर्छ ।

(ग) साउण्ड सिस्टम चलाउदाँ यात्रु तथा वातावरणमा प्रभाव नपार्ने गरी चलाउनु पर्ने

(घ) यात्राका बखत यात्रुहरुले जथाभावी फोहोर नफाल्ने व्यवस्था मिलाउनु पर्ने ।

## परिच्छेद १०

## अनुगमन तथा विविध व्यवस्था

**१८. अनुगमनः** ट्राफिक प्रहरी र नगरपालिकाले उल्लेखित कार्यविधि बमोजिम ई-रिक्सा सञ्चालन भए/नभएको अनुगमन गर्न सक्नेछ ।

**१९. विविध** यस कार्यविधिमा उल्लेख नभएका विषय तथा यातायात व्यवस्था ऐन र नियमावली साथै अन्य प्रचलित कानुन बमोजिम हुनेछन् । यो कार्यविधि नगर कार्यपालिकाले संसोधन गर्न सकिनेछ ।

## अनुसूची -१
## दफा ५ संग सम्बन्धित
## ई-रिक्सा दर्ता गर्नको लागि निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चन्द्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर रौतहट।

**विषय-ई-रिक्सा दर्ता गरिपाउँ**

उपरोक्त सम्बन्धमा मेरो / हाम्रो नाममा रहेको निम्नानुसारको ई-रिका तहाँ नगरपालिका क्षेत्र भित्र संचालन गर्न देहायका विववरण संलय राखि रु ........................ को राजश्व दाखिला गरेको भौचर परी साथ संलग्न राखि अनुरोध गर्दछु।

**तपसिल**

१. रिक्साधनीको नाम
२. ई-रिक्सा नम्बरः
३. चेसिज नम्बर

**संलग्न कागजात**

(क) ई-रिक्सा दर्ता प्रमाण पत्रको प्रतिलिपि।
(ख) सक्कल भन्सार प्रज्ञापन पत्र / भन्सार महशुल तिरेको रसिद प्रतिलिपि।
(ग) फर्म वा कम्पनीमा दर्ता भएको भए प्रमाणपत्रको प्रतिलिपि।
(घ) आयकर दर्ताको कागजात / करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
(ङ) ई-रिक्सा चेकजाँच कागजात विमाको कागजात तथा वित्तीय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाहरुको दर्ता प्रमाणपत्र आयकर करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपि।

निवेदकको

दस्तखत:

मिति

## *अनुसूची-२*

### *दफा ५ संग सम्बन्धित उपदफा २ सँग सम्वन्धित*

### *दर्ता प्रमाणपत्रको ढाँचा*

चन्द्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर रौतहट ।

**<u>ई रिक्सा दर्ता प्रमाणपत्र -</u>**

सवारी दर्ता न

सवारी धनीको नाम थर

ठेगाना

सवारी धनीको दर्ता गर्ने

दस्तखत

**ई-रिक्साको विस्तृत विवरणः** **नवीकरणको विवरणः**

| क्र स | | विवरण | वहाल अवधि | अधिकारीको दस्तखत मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्पनीको नाम | | | | |
| २ | ई-रिक्सा मोडल | | | | |
| ३ | बनेको साल | | | | |
| ४ | ब्याट्रि संख्या | | | | |
| ५ | च्यासिज न. | | | | |
| ६ | वाट/किलोवाट | | | | |
| ७ | ई-रिक्साको रङ | | | | |
| ८ | चालक सहित सिट संख्या | | | | |
| ९ | इन्धन | | | | |
| १० | भन्सार निस्सा | | | | |
| ११ | चलाउने ईलाका | | | | |
| १२ | प्रयोजन | | | | |

## अनुसूची-३

**दफा ५ संग सम्बन्धित उपदफा २ सँग सम्वन्धित**

**<u>ई- रिक्सा दर्ता किताव</u>**

**चन्द्रपुर नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**मधेस प्रदेश चन्द्रनिगाहपुर रौतहट ।**

ई-रिक्सा दर्ता न.

दर्ता मिति

ई- रिक्सा धनीको फोटो

**ई- रिक्साको दर्ता लगत (विवरण)**

| ई- रिक्साको विवरण | ई- रिक्सा दर्ता गराउने निस्साको विवरण | ई- रिक्सा धनिको विवरण | ई- रिक्सा धनिको दस्तखत | ई- रिक्सा नामसारी | | ई- रिक्सा दर्ता प्रमाणपत्र को नवीकरण मिति | दस्तुर बुझाएको रसिद न मिति नवीकरण मिति | चढाउने वा शाखा प्रमुखको दस्तखत/म्याद पुग्ने मिति | ई- रिक्सा दर्ता नामसारीवा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विक्रि गर्नेको दस्तखत | खरिद गर्नेको दस्तखत | | | | | |
| ईरिक्सा दर्ता न.<br>ई-रिक्सादर्ता मिति<br>ई-रिक्सा निर्माण भएको साल | भन्सार तिरेको निस्सा<br>भन्सार कार्यालयको नाम<br>प्रज्ञानपत्र<br>रसिद न.<br>मिति<br>अन्य | नाम<br>ठेगाना<br>ना.प्र न<br>जारी जिल्ला<br>बुबा/ पतिको नाम | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बनाउने कम्पनीको नाम<br>ब्याट्री संख्या<br>व्याट्रीको क्षमता<br>मोटरको क्षमता<br>सिट संख्या चालक सहित<br>ई-रिक्साको रङ प्रयोजन<br>चलाउने ईलाका | अरिद भई आएको मानिस वा कम्पनीको विवरण<br>बिकेताको नाम<br>बिक्री वा खरिद भएको मिति<br>प्रमाणित गर्ने व्यक्ति वा निकाय | हजुर ब्बाको नाम | | | | | | | |

## अनुसूची-४
**(दफा ५ को उपदफा ३ (क) सँग सम्बन्धित)**
**दर्ता प्रमाणपत्र नवीकरण गराउन दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चन्द्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
चन्द्रनिगाहपुर, रौतहट ।

मेरो/हाम्रो नाममा दर्ता भएको निम्न विवरण भएको ई-रिक्साको दर्ता प्रमाणपत्रकोनवीकरणको लागि लाग्ने दस्तुर रअन्य आवश्यक निस्सा यसै साथ संलग्न गरी दरखास्तदिइएको व्यहोरा अनुरोध छ ।

१.ई-रिक्सा दर्ता नं.
२. ई-रिक्साको किसिमः
३. ई-रिक्सा धनीको नाम थरः
४. ई-रिक्सा नवीकरण म्याद समाप्न भएको मितिः
५. ई-रिक्सा दर्ता प्रमाणपत्र नवीकरण गर्नु पर्ने अवधिः
६. ई-रिक्साको लागि रुट इजाजतपत्रः
(क) ईजाजत पाएको क्षेत्रः
(ख) ईजाजतपत्र पाएको अवधिः
(ग) इजाजतपत्र लिएको मितिः

दरखास्तवालाको :
दस्तखतः
नाम थर:
ठेगाना :
मिति :

**कार्यालय प्रयोजनको लागि**

नवीकरण गरेको मितिः

नवीकरण गरेको अवधिः

...................................... ........................................

शाखा प्रमुखको हस्ताक्षर नवीकरण गर्ने अधिकारी

## अनुसूची-५
**(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)**
**दर्ताको प्रमाणपत्र खारेजीको लागि दिइने दरखास्त**

श्री प्रमूख प्रशासकीय अधिकृत ज्यू,
चन्द्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
चन्द्रनिगाहपुर रौतहट ।

मेरो हाम्रो नाममा यस कार्यालयमा दर्ता भएको निम्न अनुसारको ई-रिक्सा बिग्रिनासि भविष्यमा बाताउन नसकने भएकोले दर्ता प्रमाणपत्र संलग्न राखी दरखास्त दिएको छौं। व्यहोरा बुझी दर्ता प्रमाणपत्र खारेज गरिदिनुहुन अनुरोध छ ।

१. ई-रिक्सा धनीको नाम थरः
२. ठेगाना
३. ई-रिक्सा दर्ता नं.
४. ई-रिक्साको किसिम
५ ई-रिक्सा दर्ता खारेज गर्नुपर्नाको कारणः
६. हराएको नासिएको आदिको व्यहोरा/प्रमाण वा सिफारिस पत्र
७ ई-रिक्सा दर्ता प्रमाणपत्रः
८. रुट इजाजतपत्रः
९. अन्य प्रमाण

दरखास्तवालाको
दस्तखतः
नाम घरः
ठेगाना
मितिः

**<u>कार्यालय प्रयोजन</u>**
ई रिक्साको जाँच गरी दर्ता खारेज गर्नु पर्ने कारण खोलिएको प्रतिवेदनः

........................... ................................ .......................................

ई-रिक्सा जाँच गर्ने प्राविधिकको सही शाखा प्रमुखको दस्तखत सवारी दर्ता खारेज गर्न निर्णय गर्ने अधिकारीको दस्तखत

नोटः हराएको वा नासिएको व्यहोरा भएको निवेदन परेमा कुनै कार्यालय वा निकायबाट कुनै कारवाही वा अन्य प्रयोजनका लागि नखिचिएको र सो व्यहोरा झुट्टो भएमा कानून बमोजिम सहुला/बुझाउला भनी काबुलियत गराउनु पर्नेछ ।

## अनुसूची: ६

## (दफा ६ को उपदफा (१) सँगसम्बन्धित)

## ई-रिक्साको सरुवा दर्ता गर्न दिइने दरखास्त

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चन्द्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ।
चन्द्रनिगाहपुर, रौतहट ।

मेरो/हाम्रो नाममा........................दर्ता रहेको ई-रिक्सा उक्त कार्यालयबाट दिइएको सरुवा दर्ता सहमति पत्र साथ सरुवा दर्ता गर्न लानेदस्तुर र चाहिने अन्य निम्मा प्रमाण साथ राखी पेश गरेका छु / छौ ई-रिक्सा जाँच गरीमेरो हाम्रो नाममा ई-रिक्साको सस्वा दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

(१) ई-रिक्सा दर्ता नं.:
(२) ई-रिक्सा दर्ता मितिः
(३) ई-रिक्सा निर्माण भएको सालः
४) बनाउने कम्पनीको नाम।
(५) ब्याट्री संख्याः
(६) व्याट्रीको क्षमताः
(७) मोटरको क्षमताः
(८) सिट संख्या चालक सहितः
(९) बडीको रङः
(१०) प्रयोजन
(११) चलाउने ईलाका

दरखास्त वालाकोः
दस्तखतः
नाम घरः
ठेगानाः

**कार्यालय प्रयोजनका लागि**

ई-रिक्सा निरीक्षणको पूर्ण व्यहोराः

प्रदान गरिएको दर्ता नं.

दर्ता मितिः

....................................... ............................ .............................

ई-रिक्सा जाच्ने प्राविधिकको दस्तखत शाखा प्रमुखको दस्तखत दर्ता गर्नेको अधिकारीको दस्तखत

**अनुसूची: ७**

**(दफा ०७ को उपदफा (०१) सँग सम्बन्धित)**

**रुट इजाजतपत्रको लागि दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चन्द्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
चन्द्रनिगाहपुर ररौतहट ।

निम्न विवरण भएको ई-रिक्सालाई यस चन्द्रपुर नगरपालिकाभित्र सञ्चालनको इजाजतपत्र पाउनका लागिलाग्ने दस्तुर र आवश्यक प्रमाणपत्र समेत राखी दरखास्त दिएकोछु छौं । नियमानुसार ईजाजत पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

१. ई-रिक्सा दर्ता नं.:

२. ई-रिक्साको किसिमः

३. ई-रिक्सा धनीको नाम थर।

४. रुट इजाजतपत्र लिने क्षेत्र।

५. रुट इजाजतपत्र लिनु पर्ने कारण (सञ्बालनको प्रयोजन):

६.रुट इजाजत पत्र माग गरेको अवधि............................... देखि.......................... सम्म।

७. दस्तुर रकमः

दरखास्तवालाको

दस्तखतः

नाम घरः

वतनः

मितिः

# अनुसूची-८

## दफा ७ को उपदफा २ सँग सम्वन्धित

## रुट इजाजत  प्रमाणपत्रको ढाँचा

चन्द्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर रौतहट ।

**<u>ई रिक्सा रुट ईजाजत पत्र</u>**

ईजानत पत्र न

मिति

ई सिक्सा धनीको नाम थर

ठेगाना

ई रिक्सा दर्ता न

दर्ता मिति

ईजाजतपत्र दिने अधिकारीको दस्तखत

**रुट ईजाजात नवीकरणको विवरण**

| ईजाजत पाएको क्षेत्र | वहाल अवधि | | अधिकारीको दस्तखत मिति | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -९

**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)**

**ई-रिक्साको नामसारी गराउन दिइने दरखास्त**

श्री प्रभुख प्रशासकीय अधिकृत ज्यू
चन्द्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रौतहट ।

लिखितम मेरो हाम्रो नाममा दर्ता भई मेरो हाम्रो हक भोगमा रहेको, चेसिसनं. दर्ता नंको ई रिससालाई मैले हामीले निम्नलिखित नाम पर ठेगाना भएको व्यक्ति व्यक्तिहरु फर्म कम्पनी संस्थालाईकिनाराका साथीको रोहवरमा क मा लिलाम बिक्री/उपहार/वसगरी दिएको हुनाले उक्त ई-रिक्सा निज निजहरुको नाममा नामसारी गरि दिनु हुन अनुरोधगर्दछु गर्छौं। माथिको व्यहोरा फरक परी बिक्री/लिलाम/उपहार वकस गरेको भएमा कानूनबमोजिम सहूला बुझाउँला ।

लिलाम/विक्री/उपहार/वकस गरिदिनेको
दस्तखतः
नाम थरः फोन नं.
ठेगानाः जिल्लाः न.पा./गा.पा. वडा नं. टोलः

बाबु/पतिको नामः बाजेको नामः

| औंठाको छाप | |
|---|---|
| दाँया | बायाँ |

साक्षीः

१.
२.

उपर्युक्त बमोजिमको ई-रिक्सा साधन माथि उल्लेखित व्यक्ति व्यक्तिहरु फर्म/कम्पनी/ संस्थाबाट मैले /हामीले खरिद/लिलाम/पुरस्कार/उपहार/वकसहकभोग कायम गरी लिएको हो । यसमा कुनै फरक पर्ने छैन। फरक पारी लेनदेन गरेको ठहरी यो नामसारी बदर भएमा कानूनबमोजिम दण्ड सजाय गरेमा सहन बुझाउन तयार छु/छौं।

**लिलाम/विक्री/उपहार/वकस पाउनेको**ः
दस्तखतः
नाम थरः
ठेगानाः जिल्लाः न.पा./गा.पा. वडा नं. टोलः
बाबु/पतिको नामः

| औंठाको छाप | |
|---|---|
| दाँया | बायाँ |

**पेश भएका कागजपत्रहरू**

१. लिने दिने दुबैका नागरिकता

(क) दिनेको जिल्लाः नागरिकता नं.:

(ख) लिनेको जिल्लाः नागरिकता नं.

२. ई-रिक्साले आयकर तिरेको प्रमाण

(क) ई-रिक्सा आयकर बुझाएको कार्यालय (ख) मितिः

(ग) अवधिः (घ) रसिद वा भौचर नं.:

३. रुट इजाजत लिएको प्रमाणपतत्र

(क) दिने कार्यालयः (ख) पाएको क्षेत्रः

(ग) पाएको मितिः (घ) अवधिः

४.संस्था/फर्म/कम्पनीको नाममा लेनदेन भएको भए सम्बन्धितको पत्रः

(क) पत्र संख्या...च.नं........मिति...........

५. वारेसनामा वा प्रतिनिधि तोकि आएको भए सोको पत्र प्रमाण तथा नगारिकताको वापरिचयपत्रको प्रमाणित प्रतिलिपि

६. नामसारीको लागि बुझाएको दस्तुरको रसिद नं...मिति………..

७. ई-रिक्सा जाँचपास प्रमाणपत्र

इति सम्बत २०…………साल………...महिना…….. गते……. रोज........शुभम् ।

**ई-रिक्सा जाँच प्रतिवेदनको व्यहोराः**

……………………………. ई-रिक्सा जाँच्ने प्राविधिकको दस्तखत

उपर्युक्त बमोजिम लेनदेनको मञ्जुरी गरी मेरो रोहबरमा दस्तखतसनाखत गरेको र उल्लेखित कागजपत्रहरु समेत पेश गहरी सकेको हुँदा नामसारी गरदिन पेश गरेको छु ।

**<u>शाखा प्रमुखको</u>**

दस्तखतः

नाम धरः

मितिः

**नामसारी सदर गरी प्रमाणित गरिदिने अधिकारीको**

दस्तखतः

नाम धरः

द्रष्टव्यः उपर्युक्त बमोजिमको नामसारी दरखास्त फाराम नेपाली कागजमा हुनुपर्नेछ ।

## अनुसूचीः १०
## (दफा १० को उपदफा (१) सँग सम्बन्धित)
## ई-रिक्सा धनीको मृत्यु भएमा ई-रिक्साको नामसारी गर्न दिइने दरखास्त

श्री प्रमूख प्रशासकीय अधिकृत ज्यु,
चन्द्रपुर नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,चन्द्रनिगाहपुर ।

**विषय: ई-रिक्साको नामसारी ।**

मेरो/हाम्रो हक भोगमा रहेको चेसिस नं. श्री. च.न........ मिति ..............दर्तानं ...को ई-रिक्साको धनी को मृत्यु भएकोले स्थानीय पञ्जिकाधिकारी कार्यालयको मृत्यु दर्ता प्रमाणपत्र को एवं नजिकको हकवाला भन्ने व्यहोराको पत्र साथई-रिक्सा कर प्रमाणपत्र संस्था/फर्म/कम्पनी भए पत्रकोच.नं. मिति दस्तुर सहित नामसारी गरिदिन हुन अनुरोध गर्दछु/छौं । माथिको व्यहोरा बमोजिम सहुला/बुझाउँला। कार्यालयको नाता प्रमाणित पत्र नागरिकता प्रमाणपत्र, रुट इजाजतपत्र, प्रतिनिधित्व पत्र संलम्म राखी तोकिएको फरक परेमा कानून

१. मृतकको मृत्यु दर्ता प्रमाणपत्र
२. नाता प्रमाणितपत्र
३. ई-रिक्सा दर्ता प्रमाण पत्र
४. जाँचपास प्रमाण पत्र
५. रुट इजाजतपत्र
६. अन्य प्रमाणहरु

माथि लेखिएको ई-रिक्सा हाम्रो हकभोगको भएकोले कुनै फरक पर्ने छैन। फरकपारिएको वा बाहेक ठहरिएमा नामसारी बदर भएमा कानून बमोजिम सहुँला/बुझाउँला ।

| औंठाको छाप | |
|---|---|
| दाँया | बायाँ |

हकवालाको
दस्तखतः
नाम थरः
ठेगानाः

ई-रिक्सा जाँचको विस्तृत प्रतिवेदन सारः
माथि उल्लेखित प्रमाणहरुको साथै दस्तखत सनाखतकोआधारमा नामसारी गरिदिन पेश गरेको छु ।

| .......................................... | .................................. .................................. | |
|---|---|---|
| ई-रिक्सा जाँच्ने प्राविधिकको दस्तखत | फाँटवालाको दस्तखत | नामसारी सदर गर्नेको दस्तखत |
| नामथरः | नामथरः | नामथरः |
| पदः | पदः | पदः |

## अनुसूचीः ११

**(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)**

**जाँचपाम गराउनका लागि दिइने दरखास्त**

श्री प्रमूख प्रशासकीय अधिकृत न्यू
चन्द्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
चन्द्रनिगाहपुर रौतहट ।

निम्न विवरण भएको ई-रिक्साको जाँचपास प्रमाण पत्र पाउनका लागि लाग्ने दस्तुर र अन्यआवश्यक कागजपत्रसहित दरखास्त दिएको छु। ई-रिश्माको जाँच गरी नियमानुसार जाँचपासप्रमाण पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ।

(१) ई-रिक्सा घनीको नाम, थर र ठेगानाः

(२) ई-रिक्सा व्यवस्थापकको नाम र ठेगानाः

(३) ई-रिक्सा दर्ता नं. र मितिः

(४) ई-रिक्साको किसिमः

(५) पहिले बाटो इजाजत पत्र लिएको भए सो को विवरणः

(क) ई-रिक्साले पाएको बाटो इजाजत पत्र नं. र बहाल अवधिः..

(ख) बाटो इजाजत पाएको क्षेत्रः

(ग) बाटो इजाजत दिने कार्यालयः

(६) पहिले जाँचपास प्रमाण पत्र लिएको भए सो को विवरणः

(७) जाँचपास प्रमाण पत्र लिने अवधिः मिति देखि सम्म

(८) दस्तुर -

दरखास्तवालाको

सही:
नाम थरः
ठेगानाः
मितिः

## अनुसूची: १२

### (दफा ११ को उपदफा (३) सँगसम्बन्धित)

ई-रिक्सा जाँच गर्दा प्राविधिकले भर्नु पर्ने विवरण फाराम तथा सो को प्रमाणिकरण

१. **ई-रिक्सा सम्बन्धी विवरण**

(क) ई-रिक्सा दर्ता नं.:

(ख) ई-रिक्सा दर्ता मितिः

(ग) ई-रिक्सा धनीको नाम थर वतनः

(प) ई-रिक्साको किसिमः

(ङ) ई-रिक्साको मोडेल र बनाउने कम्पनीको नाम

(अ) मोडेलः

(आ) बनाउने कम्पनीः

(च) ई-रिक्सा बनेको सालः

(छ) मोटरको विवरणः

(ज) ई-रिक्साको च्यासिस नं.:

(झ) ब्याट्री संख्याः

(अ) व्याट्री र मोटरको क्षमताः

(ट) ई-रिक्साको रङः

(क) बडीको रङः

(ख) सिट संख्याः

(ठ) प्रयोजनः

(ड) अन्यः

२. ई-रिक्सा दर्ता प्रमाणपत्रमा उल्लेखित विवरण ठीक भए नभएकोः

३. ई-रिक्साको बडीको रङ र अवस्था ठीक भए नभएको ?

४. झ्याल, सिट र सिसाको अवस्था ठीक भए नभएको ?

५. ई-रिक्साको हेडलाईट, व्याक लाइट, साइड लाईट आदिको अवस्था ठीक भए नभएको ?

## अनुसूची: १२

### (दफा ११ को उपदफा (३) सँगसम्बन्धित)

### ई-रिक्सा जाँच गर्दा प्राविधिकले भर्नु पर्ने विवरण फारामतथा सो को प्रमाणिकरण

१. ई-रिक्सा सम्बन्धी विवरण

(क) ई-रिक्सा दर्ता नं.:

(ख) ई-रिक्सा दर्ता मितिः

(ग) ई-रिक्सा धनीको नाम थर वतनः

(प) ई-रिक्साको किसिमः

(ङ) ई-रिक्साको मोडेल र बनाउने कम्पनीको नाम

(अ) मोडेलः

(आ) बनाउने कम्पनीः

(च) ई-रिक्सा बनेको सालः

(छ) मोटरको विवरणः

(ज) ई-रिक्साको च्यासिस नं.:

(झ) ब्याट्री संख्याः

(ञ) व्याट्री र मोटरको क्षमताः

(ट) ई-रिक्साको रङः

(क) बडीको रङः

(ख) सिट संख्याः

(ठ) प्रयोजनः

(ड) अन्यः

२.ई-रिक्सा दर्ता प्रमाणपत्रमा उल्लेखित विवरण ठीक भए नभएकोः

३. ई-रिक्साको बडीको रङ र अवस्था ठीक भए नभएको ?

४. झ्याल, सिट र सिसाको अवस्था ठीक भए नभएको ?

५. ई-रिक्साको हेडलाईट, व्याक लाइट, साइड लाईट आदिको अवस्था ठीक भए नभएको ?

६. ई-रिक्साको मोटर, कन्ट्रोलर, व्याट्री ईन्जिनको अवस्थाः

७. ई-रिक्साको ह्यान्डल, ब्रेकको अवस्थाः

८. ई-रिक्साको नम्बर प्लेटको अवस्थाः

(क) तोकिएको साइजमा भए नभएकोः

(ख) तोकिएको रङ भए नभएकोः

(ग) उपयुक्त ठाउँमा सबैले देख्ने बुझ्ने गरी दुबै तर्फराखे नराखेकोः

९. ई-रिक्साको नियमित रुपमा सर्भिसि गराए/नगराएकोः

१०. ई-रिक्साको टायर र व्हिलको अवस्थाः

११. समष्टिगत मूल्यांकनः

१२. जाँचपास प्रमाण दिन योग्य भए नभएको।

१३. जाँचपास प्रमाणपत्र दिनु पर्ने अवधिः

१४. अन्यः

ई-रिक्सा जाँचपास दिन योग्य देखिएमाः

**<u>सिफारिस गर्ने प्राविधिकको</u>**

| | |
|---|---|
| सहीः | सही |
| नाम थरः | नाम थर |
| मितिः | मितिः |

**अनुसूचीः १३**

**(दफा ११ को उपदफा(४)सँग सम्बन्धित)**

**<u>जाँचपास प्रमाण-पत्र</u>**

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर रौतहट।
मधेस.प्रदेश,नेपाल

क्र.स.

(क) ई-रिक्सा दर्ता नं. (ख) ई-रिक्सा दर्ता मितिः

(ग) ई-रिक्सा धनीको नाम घर वतनः (घ) ई-रिक्साको किसिमः

(ङ) ई-रिक्साको मोडेल र बनाउने कम्पनीको नाम

(अ) मोडेल

(आ) बनाउने कम्पनीः

(च) ई-रिक्सा बनेको सालः (छ) मोटरको विवरणः

(ज) ई-रिक्साको च्यासिस नं.. (झ) ब्याट्री संख्या:

(ञ) व्याट्री र मोटरको क्षमताः

(ट) ई-रिक्साको रङः

(ठ) सिट संख्या:

(ड) प्रयोजनः

(ढ) अन्यः

(ण) ई-रिक्सा जाँच गरेको मिति

(त) ई-रिक्सा जाँचपासको वहाल अवधिः

(थ) अन्य, सेवा सञ्चालनका शर्तहरूः

| **<u>ई-रिक्सा जाँचपास गर्ने प्राविधिकको</u>** | **<u>जाँचपास प्रमाणितगर्नेअधिकारीको</u>** |
| --- | --- |
| नाम थरः | नाम थरः |
| सहीः | सही: |
| मितिः | मितिः |

आज्ञाले
बद्रीराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत